नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी व्यवस्थापन समितिको कार्यालय

अनामनगर, काठमाडौं

## वार्षिक प्रतिवेदन

## आ.व. २०७९।०८०

# सहकारी व्यवस्थापन समतिको कार्यालय

# अनामनगर, काठमाडौं

| | | |
|---|---|---|
| १. | काशीराज दाहाल | अध्यक्ष |
| २. | केशवराज आचार्य | सदस्य |
| ३. | डि.बि. बस्नेत | सदस्य |
| ४. | सुशीला थापा थपलिया | सदस्य |
| ५. | ललिता कुमारी महर्जन | सदस्य |
| ६. | तीर्थराज सिल्वाल | सदस्य |
| ७. | केशव प्रसाद पौडेल | सदस्य-सचिव |

मितिः २०८० श्रावण

# बिषयसुची


१. पृष्ठभूमि ........ १
२. समितिको कार्यक्षेत्र ........ १
३. समस्याग्रस्त घोषित सहकारी संस्थाहरुको स्थिति विवरण ........ १
४. समस्याग्रस्त सहकारी संस्थाहरुको प्रगति विवरण ........ ७
५. प्रवर्द्धनात्मक कार्य ........ ८
६. सुझाव/सिफारिस ........ ८
७. आ.व. २०८०/८१ को वार्षिक कार्ययोजना ........ १०
८. अनुसूची ........ ११
१. ओरेण्टल को-अपरेटिभ लि.को भावी कार्ययोजना ........ ११

# आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन

## १. पृष्ठभूमि

नेपालको संविधानले सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण खम्बाको रुपमा लिएको छ । नेपालमा विभिन्न प्रकृतिका ३० हजार भन्दा बढी सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । ती मध्ये करीब आधा बचत तथा ऋणको मात्र कारोबार गर्ने वित्तीय प्रकृतिका सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन्। सहकारीका माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धि हाँसिल गर्नमा सहयोग पुगेको छ । सहकारीले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिंदै आएकोमा हाल केही वित्तीय कारोवार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरुले बचतकर्ताको बचत रकम फिर्ता दिन नसक्ने अवस्था आएको हुनाले सहकारी क्षेत्रमा विभिन्न समस्या र चुनौती देखा परेको छ । सहकारीका मूल्य मान्यता र विश्वव्यापी सिद्धान्तहरु पालना नभएको, कारणबाट कतिपय संस्थाहरु धराशायी भएको र यसरी संस्था धराशायी हुने क्रम बढ्दै जाँदा सहकारीमा बचत रकम जम्मा गरेका सर्वसाधारण जनताको बचत रकम फिर्ता नपाउने समस्या दिनानुदिन बढ्दै गएको छ । यस समस्यालाई समयमै समाधान गरी सहकारी संस्थाप्रतिको विश्वास जगाउनुपर्ने अवस्था छ ।

## २. समितिको कार्यक्षेत्र

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम नेपाल सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारी संस्थाको सहकारी व्यवस्थापन समितिसमक्ष सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सबन्धी कार्य गर्न लेखी आएकासहकारी संस्थाहरुको समस्या समाधान गर्ने कार्य क्षेत्र यस समितिमा रहेको छ ।सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सहकारी संस्था वा संघले ऐन, नियम बमोजिम गर्नुपर्ने कार्य नगरी समस्याग्रस्त भएको निरीक्षण र हिसाब जाँचबाट देखिएको अवस्थामा त्यस्तो सहकारी संस्था वा संघलाई समस्याग्रस्त घोषणा गरी सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न ऐनको दफा १०५ अनुसार व्यवस्थापन समिति गठन गर्ने कानुनी व्यवस्था भएबमोजिम नेपाल सरकारबाट गठन भएको यस व्यवस्थापन समिति समक्ष रहेका समस्याग्रस्त सहकारी संस्थाहरु र त्यस सम्बन्धी काम कारवाहीको स्थितिसहित आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन देहायबमोजिम रहेको छ ।

## ३. समस्याग्रस्त घोषित सहकारी संस्थाहरुको स्थिति विवरण

### (१) ओरेण्टल को-अपरेटिभ लिमिटेड

मिति २०७४।०७।२० मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट ओरेण्टल को-अपरेटिभ लिमिटेड समस्याग्रस्त घोषणा भएकोमा सर्वोच्च अदालतको आदेश बमोजिम पूर्ववत घोषणा बदर भई मन्त्रालयबाट पुनः मिति २०७९।०६।०७ को निर्णयानुसार समस्याग्रस्त घोषणा गरी समिति समक्ष सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि लेखी अएकोमा निम्न कार्यहरु समितिबाट सम्पन्न भएका छन् ।

- सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम मिति २०७९।०८।०७ गते अनलाईन माध्यमबाट दावी पेश गर्न सूचना प्रकाशन गरिएकोमा ४२५९ जनाबाट साँवा रु.३,१९,५०,२२,८६२।- मागदावी पेश भएको देखिन्छ । म्याद नाघेर समितिमा सम्पर्क गर्न आउने संख्या पनि त्यतिकै छ ।
- ऋणीहरुको अभिलेख अध्यावधिक गरिएको ।
- समितिबाट सहकारीको नाममा रहेका जग्गाहरुको लगत तयार गरिएको ।
- हालसम्म यस समितिमा रहेको उक्त सहकारीको खातामा रु.२,७१,८८,००२।- जम्मा भएको ।
- यस सहकारी संस्थासँग सम्बद्ध रहेको चल अचल सम्पत्ति रोक्का गरिएको ।
- यस संस्थासँग सम्बद्ध रहेको अचल सम्पत्ति जग्गा लिलामको सूचना प्रकाशित भएकोमा सर्वोच्च अदालतको आदेश बमोजिम लिलाम गर्न रोक लगाएकोले लिलाम हुन नसकिरहेको अवस्थामा यस समितिको पहलमा निलम्वित अध्यक्षसँग वार्ता गरी मुद्दा फिर्ता लिने सहमति गराई मिति २०८०।०३।२७ मा मुद्दा फिर्ता लिएको जानकारी यस समितिलाई प्राप्त भएकोले लिलाम लगायतका अन्य काम कारवाहीको प्रकृया अगाडि बढेको ।
- बचतकर्ताहरुको बचत फिर्ता गर्ने सम्बन्धमा कार्ययोजना बनाई उक्त संस्थासँग सम्बन्धित जग्गाहरु लिलाम गरी जम्मा हुने रकम र यस संस्थाको समेत लगानीमा निर्माणाधिन रहेको भेगास सिटी अपार्टमेण्टको करिब ४१ रोपनीको जग्गा विभिन्न बैंक र संचयकोषको ऋण भुक्तानी भएपछि यस समितिमा बाँकी रकम ल्याउने व्यवस्था गरी बचतकर्तालाई रकम फिर्ता दिने गरी कार्ययोजना बनाई कार्य प्रारम्भ गरेको ।
- एक लाख रुपैयाँभन्दा कम बचत मागदावी गर्ने बचतकर्ताहरुलाई पहिलो चरणमा बचत फिर्ता गर्ने प्रक्रियामा रहेको ।
- यसको कार्ययोजना सहितको विवरण यस प्रतिवेदनको अनुसुची-१ मा छ ।

(२) <u>स्टयाण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- जम्मा १७५ जना बचतकर्ताहरुको मागदावी रहेकोमा ७१ जना मागदावीकर्ताहरुको हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- १०४ जना वचत मागदावीकर्ताहरुलाई रु.९,६८,५८,५८२।- रकम फिर्ता गर्न बाकी रहेको ।
- ७३ जना ऋणीबाट रु.१,००,१३,५५८।- असुल उपर भएको ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल रु.२२,३५,९८४।- रकम मौज्दात रहेको ।
- यस समितिबाट १९ जना ऋणीको जग्गा रोक्का राखिएको ।
- ऋणीहरुलाई ऋण तिर्न आउने पत्राचार भै राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचनासमेत प्रकाशित गरिएको ।

- लेखापरीक्षण सम्पन्न भएको ।
- समितिबाट रोक्का राखिएका अचल सम्पत्तिहरुको लिलामी प्रकिया प्रारम्भ गरिएको ।

(३) <u>प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- जम्मा ३५२ जना बचतकर्ताहरुको मागदावी रहेकोमा १८६ जना मागदावीकर्ताहरुको हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल रु.६,०८,०४०।- रकम मौज्दात रहेको ।
- १६६ जना वचत मागदावीकर्ताहरुलाई रु.१२,३७,२७,७४२।- रकम फिर्ता गर्न बाँकी रहेको ।
- यस समितिबाट २८ जना ऋणीको जग्गा रोक्का राखिएको ।
- ऋणीहरुलाई ऋण तिर्न आउने पत्राचार भै राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना समेत प्रकाशित गरिएको ।
- संस्थाको दायित्व व्यवस्थापन गर्न सञ्चालक र ऋणीहरुबाट ऋण असूली गर्न आवश्यक कारवाही भैरहेको ।
- लेखापरीक्षण सम्पन्न भएको ।
- रोक्का भएका जग्गा लिलामको प्रकृयामा लैजाने कार्य भइरहेको ।

(४) <u>प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- जम्मा १३८ जना बचतकर्ताहरुको रु.१३,२०,८९,९२७।- रकम मागदावी रहेकोमा
- १५ जना मागदावीकर्ताहरुको १५,१७,०००।- हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल रु.१७,०६,६१६।- रकम मौज्दात रहेको ।
- १२३ जना वचत मागदावीकर्ताहरुलाई रु.१३,०५,७२,९२७ ।- रकम फिर्ता गर्न बाकी रहेको ।
- १२ जना ऋणीबाट रु.२२,०८,९९०।- असुल उपर भएको ।
- यस समितिबाट ३ जना ऋणीको जग्गा रोक्का राखिएको ।
- ८१ जना सञ्चालक, कर्मचारी तथा ऋणीहरुको बैंक खाता रोक्का गरिएको ।
- ऋणीहरुलाई ऋण तिर्न आउने पत्राचार भै राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना समेत प्रकाशित गरिएको ।
- संस्थाको दायित्व व्यवस्थापन गर्न सञ्चालक र ऋणीहरुबाट ऋण असूली गर्न आवश्यक कारवाही भैरहेको ।

- लेखापरीक्षण सम्पन्न भएको ।
- रोक्का भएका जग्गा लिलामको प्रकृयामा लैजाने कार्य भइरहेको ।

(५) <u>कोहिनुर हिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- ५१ जना बचतकर्ताहरुको रु २,४१,७१,८९९।- रकम मागदावी रहेको।
- ७ जना मागदावीकर्ताहरुले समिति समक्ष उपस्थित भै मागदावी फिर्ताको लागी निवेदन पेश गरेको।
- यो संस्था ओरेण्टल को-अपरेटिभ लि.सँग सम्बन्धित रहेको भन्ने ओरेण्टल सहकारी संस्थाका अध्यक्षको भनाई रहेकाले यस समिति समक्ष उपस्थित भई फरफारक गर्ने निजले जिम्मा लिएको ।

(६) <u>कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- ५६ जना बचतकर्ताहरुको रु ४,३४,७८,२५२।- रकम मागदावी रहेको।
- यो संस्था ओरेण्टल को-अपरेटिभ लि.सँग सम्बन्धित रहेको भन्ने ओरेण्टल सहकारी संस्थाका अध्यक्षको भनाई रहेकाले यस समिति समक्ष उपस्थित भई फरफारक गर्ने निजले जिम्मा लिएको ।

(७) <u>कुवेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- म्याद भित्र दाबी गर्ने बचतकर्ताहरुको रु.५७,६३,४६७।- रकम मागदावी रहेकोमा सबै मागदावीकर्ताहरुको हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- दफा ११७ बमोजिमको प्रतिवेदन पेश गर्ने अवस्था रहेको ।
- सहकारीको लेखापरीक्षण सम्पन्न भएको ।

(८) <u>चार्टर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- म्यादभित्र दाबी गर्ने बचतकर्ताहरुको रु.८४,११,४९४।- रकम मागदावी रहेकोमा ४ जना मागदावीकर्ताहरुको मात्र दाबी फिर्ता गर्न बाँकी रहेको ।
- ४५ जना ऋणीबाट रु.३६,१२,९०३।- असुल उपर भएको ।
- यस समितिबाट १६ जना ऋणीको जग्गा रोक्का राखिएको ।

- ऋणीहरुलाई ऋण तिर्न आउने पत्राचार भै राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना समेत प्रकाशित गरिएको ।
- लेखापरीक्षण सम्पन्न भएको ।
- आ.व. ०८०/८१ को पहिलो चौमासिकभित्र राफसाफ हुने अवस्था रहेको ।

(९) <u>भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- बचतकर्ताहरुको रु १,६५,४४,७११।- रकम मागदावी रहेको ।
- यो संस्था ओरेण्टल को-अपरेटिभ लि.सँग सम्बन्धित रहेको भन्ने ओरेण्टल सहकारी संस्थाका अध्यक्षको भनाई रहेकाले यस समिति समक्ष उपस्थित भई फरफारक गर्ने निजले जिम्मा लिएको ।

(१०) <u>स्टयाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड</u>

- मिति २०७५।०३।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- म्याद भित्र दाबी गर्ने बचतकर्ताहरुको रु.७५,२८,८२४।- रकम मागदावी रहेकोमा सबै मागदावीकर्ताहरुको हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- दफा ११७ बमोजिमको प्रतिवेदन पेश गर्ने अवस्था रहेको ।
- लेखापरीक्षण सम्पन्न भएको ।

(११) <u>सोसाईटल बचत तथा ऋण सहकारी संस्था</u>

- मिति २०७५।११।१९ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- जम्मा २४० जना बचतकर्ताहरुको रु.१०,८७,४१,२४३।- रकम मागदावी रहेकोमा १६२ जना मागदावीकर्ताहरुको हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- ७८ जना वचत मागदावीकर्ताहरुलाई रु.५,३५,२८,३५५।- रकम फिर्ता गर्न बाँकी रहेको ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल रु.७,७२,८२८।- रकम मौज्दात रहेको ।
- सहकारीको नाममा चितवनमा रहेको १३ कट्ठा जग्गाबाट बाँकी माग दावीकर्ताको दावी फिर्ताको प्रकृयामा रहेको ।
- आ.व. २०८०।०८१ को पहिलो चौमासिक भित्र राफसाफ हुने गरी कार्य भईरहेको ।

(१२) <u>लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड</u>

- मिति २०७६।०४।१२ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- जम्मा २१४ जना बचतकर्ताहरुको रु.११,७४,४४,०२६।- रकम मागदावी रहेकोमा ८३ जना मागदावीकर्ताहरुको हिसाव मिलान/बचत फिर्ता गरिएको ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल रु.३२,३०,३११।- रकम मौज्दात रहेको ।
- ८८ जना ऋणीबाट रु १४१,९६,२७१।- असूल उपर भएको ।
- समितिबाट रोक्का राखिएका अचल सम्पत्तिहरु लिलामी प्रकृया अगाडी बढाईएको ।
- आ.व. २०८०।०८१ को पहिलो चौमासिक भित्र राफसाफ हुने गरी कार्य भईरहेको ।

## ४.समस्याग्रस्त सहकारी संस्थाहरुको प्रगति विवरण

| आ.व. २०७९/८० को आर्थिक प्रगती विवरण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बचत मागदावी विवरण | | ऋण विवरण | | | | | बचत फिर्ता विवरण | | | | | | |
| क.सं. | समस्याग्रस्त सहकारी संस्था | घोषित मिति | बचत रकम सावा | दावीकर्ता संख्या | ऋण रकम (साँवा) | जम्मा ऋणी संख्या | असुल भएको ऋण रकम | असुल भएको ऋणी संख्या | संख्याको आधारमा असुली % | बचत फिर्ता रकम / हिसाब मिलान | दावि फिर्ता रकम | जम्मा फिर्ता रकम | सम्पुर्ण मागदावी रकम फिर्ता पाएका बचतकर्ता | फिर्ता गर्न बाँकी बचत रकम | सम्पुर्ण मागदावी फिर्ता पाउन बाँकी बचतकर्ता | बचत फिर्ता प्रगती % |
| १ | कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ | ५७६३४६७ | १० | २५४४५६६७ | २८२ | ५०४२०८७ | ३८ | १३.४८ | ३५३१७३४ | २२३१७३३ | ५७६३४६७ | १० | ० | राफसाफ भएको | १००.०० |
| २ | स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ | ७५२८८२४ | १६ | १०६१०८९१ | ६३ | १९५७५४५ | ११ | १७.४६ | ६२०६४४४ | १३२२३८० | ७५२८८२४ | १६ | ० | राफसाफ भएको | १००.०० |
| ३ | स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ | ११०८९३८२८ | १७५ | ४९३०६३५९७ | ३७५ | १००१३५५८ | ७३ | १९.४७ | ८१७४१२३ | ५८६११२३ | १४०३५२४६ | ७१ | ९६८५८५८२ | १०४ | १२.६६ |
| ४ | प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ | ४८७३९८९१३ | ३५२ | ५९९०६१८२ | २१६ | ११५२००० | २५ | ११.५७ | ३६३१२५७२० | ५४५४५१ | ३६३६७११७१ | १८६ | १२३७२७७४२ | १६६ | ७४.६१ |
| ५ | सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।११।१९ | १०८७४१२४३ | २४० | १३०८६९७६८ | २८ | ६३४०८११ | ३ | १०.७१ | ७०२३९२० | ४८१८८९६८ | ५५२१२८८८ | १३३ | ५३५२८३५५ | १०७ | ५०.७७ |
| ६ | प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ | १३२०८९९२७ | १३८ | १७५४९६८३० | ८१ | २२०८९९० | १२ | १४.८१ | ७५८५०० | ७५८५०० | १५१७००० | १५ | १३०५७२९२७ | १२३ | १.१५ |
| ७ | चार्टड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ | ८४११४९४ | १४ | ३५३४०१५५ | १३० | ३६१२९०३ | ४५ | ३४.६२ | २२१३५९६ | २२०९७९८ | ४४२३३९४ | १० | ३९८८१०० | ४ | ५२.५९ |
| ८ | लु:निभा बहुद्देश्यीय सहकारी संस्था लि | २०७६।०४।१२ | ११७४४४०२६ | २१४ | ११९६०१९०९ | २०६ | १४१९६२७१ | ८८ | ४२.७१८ | ११३२२८८५ | १०६९६८४२ | २२०१९७२७ | ८३ | ९५४२४२९९ | १३१ | १८.७५ |
| ९ | ओरेण्टल को-अपरेटिभ लिमिटेड | २०७९।०६।०७ | ३१९५०२२८६२ | ४२५९ | ३७६११९०४१९ | २२७७ | २७१५८८३१ | ४१ | १.८० | | | | | ३१९५०२२८६२ | ४२५९ | ०.०० |
| १० | कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ | ४३४७८२५२ | ५६ | * | | | | | | | | | ४३४७८२५२ | ५६ | ०.०० |
| ११ | कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५।०३।१८ | २४१७१८९९ | ५१ | * | | | | | | | | | २४१७१८९९ | ५१ | ०.०० |
| १२ | भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५।०३।१८ | १६५४४७११ | १७ | * | | | | | | | | | १६५४४७११ | १७ | ०.०० |
| | कुल | | ४२५७४८९४४६ | ५५४२ | ४८११५२५४१८ | ३६५८ | ७१६८२९९६ | ३३६ | ९.१८५३ | ४०२३५६९२२ | ७१८१४७९५ | ४७४१७१७१७ | ५२४ | ३७८३३१७७२९ | ५०१८ | ११.१४ |

* ऋण रकम समावेश नभएको

## ५. प्रवर्द्धनात्मक कार्य

- सहकारी व्यवस्थापन समितिको कार्यालयको आयोजनामासुशासनको प्रवर्द्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापना विषयक प्रदेश स्तरीयकार्यशाला गोष्ठी चितवन, बुटवल, दोलखा र ईटहरीमा संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, प्रदेश सहकारी विभाग, स्थानीय तहका प्रतिनिधिहरुसहकारी संस्था सम्बद्ध सरोकारवालाहरु समेतको उपस्थितिमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको,सहकारी संस्थाहरुमा सुशासन प्रवर्द्धनगर्न सहभागीहरुबाट सामूहिक प्रतिवद्धता व्यक्त गरेको प्रतिवद्धतापत्रबाट सहकारी संस्थाहरुमा रहेको विसङ्गतिहरुमा सुधार हुने अपेक्षा गरिएको ।
- सहकारी संस्थाहरुले सामूहिक रुपमा व्यक्त गरेको प्रतिवद्धता पत्रसहितसहकारी क्षेत्रसंग सम्बन्धित लेखरचना तथा यस समितिका गतिविधिहरु समावेस गरी 'सहकारी सुशासन' बुलेटिनका दुई अङ्क प्रकाशन गरिएको ।

## ६. सुझाव/सिफारिस

१. सहकारी संस्थाहरुको विद्यमान समस्या निराकरणको निम्ति सहकारी संस्थाहरुको समस्या पहिचान गरी त्यसका आधारमा खराव अवस्था (RED Zone), खरावोन्मुख अवस्था (Yellow Zone) र राम्रो अवस्था (Green Zone) भनी ३ किसिमले वर्गीकरण गरी विभिन्न विकल्पका आधारमा तिनको समस्या समाधान गर्ने ।

२. सहकारी संस्थाहरुको समस्या पहिचान पश्चात सहकारी संस्था समस्याग्रस्त घोषणाको निर्णय गर्नु पूर्व नै छानविनकै अवस्था वा नियामक निकायले नियमन अनुगमन गर्दा समस्याग्रस्त सहकारीहरुको सञ्चालक र सञ्चालक सम्वद्ध व्यक्तिहरुको चल अचल सम्पत्ति रोक्का गर्ने, राहदानी जफत गर्ने जस्ता आवश्यक कानूनी कारवाही अविलम्व गर्ने र समस्याउन्मूख भएका सहकारी संस्थाहरुलाई नियामक निकायले यथाशिघ्र छानिवनको दायरामा ल्याई आवश्यक व्यवस्थापन समयमै गर्ने र राम्रा सहकारीहरुलाई प्रोत्साहन र वजारिकरण गर्ने।

३. सहकारी संस्थाहरुको मूल्य, मान्यता र सिद्धान्तले स्व-उत्तरदायी, इमान्दारी, पारस्परिक सहयोग जस्ता अवधारणालाई आत्मसात गरी सहकारीमा सुशासन प्रवर्द्धन गर्ने कानूनी जिम्मेवारी हुँदा हुदै पनि सहकारी संस्थाहरुले सहकारीको मूल्य मान्यता र सिद्धान्त विपरित हुने गरी काम कारवाही गरेको कारण सहकारी संस्थाहरु समस्याग्रस्त हुन गएको र यस सम्बन्धमा अधिकारप्राप्त निकाय र पदाधिकारीबाट नियमित नियमन, अनुगमन, सुपरिवेक्षण र आवश्यक कानूनी कारवाही गरी सहकारी संस्थाहरुलाई कानून बमोजिम संचालन र व्यवस्थापन गर्न सोही अनुरुपको जनशक्ति लगायत आवश्यक पूर्वाधार सुनिश्चितता हुनुपर्ने।

४. सहकारी ऐन, २०७४ को व्यवस्था अनुसार तहगत सरकारका नियकायहरुकाबीच समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा नियमन र अनुगमन गर्ने, मन्त्रालयबाट ३ वटै तहको सहकारी सम्बन्धी कानूनको अध्ययन गरी आवश्यक्तानुसार कानूनमा संशोधन र परिमार्जन गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने।

५. एकै प्रकृतिका काम गर्ने एकै स्थानमा अत्याधिक संख्यामा सहकारी संस्थाहरु संचालन भएको देखिंदा त्यस्ता एकै प्रकृतिको काम गर्ने सहकारी संस्थाहरुलाई एकिकरण गर्ने र केही समयका लागि सहकारी संस्थाको नयाँ दर्ता प्रकृयालाई रोक्का गरी निश्चत मापदण्ड तयार गरेर मात्र नयाँ संस्था दर्ता प्रकृया खुला गर्ने ।

६. नेपाल सरकार र सहकारी अभियानको सहयोगमा बचत तथा कर्जा सुरक्षण कोष स्थापना गरी सदस्यहरुको बचत संरक्षणको प्रत्याभुती गर्ने ।

७. बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरिकरण कोषलाई वित्तिय सहकारी क्षेत्रको जोखिम व्यहोर्न सक्ने गरी अन्तराष्ट्रिय अभ्यास र अनुभवको आधारमा कोष संचालनको प्रभावकारी व्यावस्थापन गर्ने

८. सहकारी संस्थाहरुको नियमन प्रभावकारी नभएका कारण सहकारी संस्थाहरु समस्याग्रस्त हुन पुगेको देखिएकोले सघन नियमनको व्यवस्था गर्ने, यसमा अभियानको तर्फबाट आफ्ना सदस्य संस्थाहरुमा सुशासनको प्रवर्द्धन गर्ने गराउने काममा सक्रिय हुने,

९. विधमान सहकारी ऐन, नियममा भएका व्यवस्थाहरु जस्तै ऋण असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र, कर्जा सुरक्षण कोष स्थापना गरी संचालनमा ल्याउन आवश्यक व्यवस्था गर्ने,

१०.नियामक निकायहरुले आफ्नो कार्य क्षेत्र भित्र रहेका संघ वा संस्थाहरुको स्थिति सहितको नाम नामेसी आफ्नो वेभसाईटमा सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

११.दोश्रो तहको नियामक निकायका सम्बन्धमा त्यस्को संरचनागत ढाँचा, कानूनी हैसियत, आर्थिक व्यवस्था, अन्य निकायसँगको सम्बन्ध र कार्य प्रणालीका सम्बन्धमा अध्ययन गरी स्पष्ट खाका पेश गर्ने गृहकार्य गर्ने।

१२.सहकारी संघ वा संस्थाहरुले प्रयोग गर्ने विभिन्न सफ्टवयरमा एकरुपता कायम गर्न स्तरीकरण मापदण्ड तयार गरी सूचिकृत भएका सफ्टवयर मात्र प्रयोग गर्ने व्यवस्था गर्ने ।

१३.सहकारी संस्थाहरु समस्याग्रस्त घोषणा भए पश्चात उक्त संस्थाका ऋणी, सञ्चालक, कर्मचारी र निजका एकाघर परिवारको जायजेथाबाट असुल उपर गरी दायित्व भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको हुँदा नियामक निकायले ती सम्बद्ध पक्षको विवरण र परिचय खुल्ने कागजात आफ्नो कार्यालयमा अध्यावधिक गराई राख्ने ।

१४.सहकारीको पूँजिलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगानी गर्न सकेमा विद्यमान बेरोजगारी र आर्थिक सङ्कटलाई सम्बोधन गर्न सहयोग पुग्ने देखिँदा त्यसतर्फ विशेष ध्यान दिनु पर्ने,

१५.सहकारीमा महिला तथा लैङ्गिक समानता, युवा तथा सिमान्तकृत वर्गवीच सामाजिक समावेशिता कायम गर्नमा जोड दिने,

१६.समस्याग्रस्त घोषणा भई समिति समक्ष आएका सहकारी संस्थाहरुको चल अचल सम्पत्ति संचालकहरुले नामसारी गरी लुकाउने, ऋणीहरुले समयमै ऋण नतिरी सहकारीलाई संकटग्रस्तमा पुऱ्याउने स्थिति देखिएकोले बचत तथा ऋण रकमको अनिवार्य बिमाको व्यवस्था गरी बचत तथा ऋणको सुरक्षाको प्रत्याभूति गरिनु पर्ने ।

१७.समितिको कार्यालयमा प्राप्त भएका सवारी साधन पुराना भई मर्मत गर्दा समेत चालु अवस्थामा राख्न कठिन भएकाले समस्याग्रस्त सहकारी सम्बद्ध फिल्ड मूल्यांकन,सामग्री बरामद गरी ल्याउने सन्दर्भमा कठिनाई भई

आएको अवस्थालाई दृष्टिगत गरी उपयुक्त सवारी साधन र अन्य आवश्यक ल्यापटप, कम्प्यूटर र जनशक्तिको व्यवस्थापन हुनु पर्ने ।

## ७. आ.व. २०८०/८१ को वार्षिक कार्ययोजना

| क्र. सं. | कार्य विवरण | लक्ष्य पटक | जिम्मेवारी | प्रथम चौमासिक | | | | दोस्रो चौमासिक | | | | अन्तिम | | | | अनुगमन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मार्ग | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ | | |
| क | कार्ययोजना एवं प्रगति प्रतिवेदन | | | | | | | | | | | | | | | | |
| १ | गत वर्षको कार्ययोजना समीक्षा तथा यस वर्षको कार्ययोजना निमार्ण | १ | सचिवालय | √ | | | | | | | | | | | | | |
| २ | बार्षिक/चौमासिक प्रतिवेदन पेश गर्ने | ३ | समिति/सचिवालय | √ | | | | √ | | | | √ | | | | | |
| ख | बैठक तथा छलफल | | | | | | | | | | | | | | | | |
| १ | व्यवस्थापन समिति बैठक | ६० | समिति | आवश्यकता अनुसार बैठक बस्न सक्ने | | | | | | | | | | | | | |
| २ | बचतकर्ता/पीडितको गुनासो सुनुवाइ तथा परामर्श | निरन्तर | सदस्य/ सदस्य-सचिव | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | |
| ग | संस्था/ संचालक/ऋणी/कर्मचारीको चल अचल सम्पत्ति रोक्का गर्ने | निरन्तर | समिति/सचिवालय | | | | | | | | | | | | | | |
| घ | समितिमा रहेका सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने | १ | समिति/सचिवालय | | | | | | | | | | | | | | |
| ङ | ऋणी तथा संचालकको बैंक खाता, राहदानि रोक्का राखि ऋण तथा बक्यौता असुली गर्ने | निरन्तर | समिति/सचिवालय | | | | | | | | | | | | | | |
| च | सहकारी संस्थाको रकम प्रयोग गरी संचालक वा कर्मचारीको नाममा खरिद गरिएको विभिन्न कम्पनीहरूको शेयर रोक्का गरी विक्री गर्ने | निरन्तर | समिति/सचिवालय | खोजतलास गरि विक्रि गर्ने | | | | | | | | | | | | | |
| छ | सहकारी सम्बन्धी कार्यविधि/ निर्देशिका / मापदण्ड सम्बन्धी कर्मचारी तथा सरोकारवालालाई अभिमुखीकरण | ७ | समिति/सचिवालय | | १ | १ | १ | २ | १ | १ | | | | | | | |
| | **सहकारी व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | | | | |
| १ | लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लि | १ | समिति/सचिवालय | | | | | | | | | | | | | दोस्रो चौमासिक भित्र राफसाफ | |
| २ | सोसाईटल बचत तथा ऋण सहकारी संस्था लि | १ | समिति/सचिवालय | | | | | | | | | | | | | पहिलो चौमासीक भित्र राफसाफ | |
| ३ | कन्जुमर बचत तथा ऋण सरकारी संस्था लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | " | |
| ४ | भेगास बचत तथा ऋण सरकारी संस्था लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | " | |
| ५ | कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | " | |
| ६ | चार्टर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | " | |
| ७ | स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | दोस्रो चौमासिक भित्र ५०% बचत फिर्ता | |
| ८ | प्यासिफिक सेभिङ् एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | " | |
| ९ | प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १ | समिति/सचिवालय | | | | | | | | | | | | | " | |
| १० | ओरेण्टल को-अपरेटिभ लि. | १ | समिति/सचिवालय | | | | | पहिलो चौमासिकमा ५ लाख भन्दा तलका बचतकर्ताको बचत फिर्ता | | | | | | | | | |

## ८. अनुसूची

### अनुसूची -१.

### ओरेण्टल को-अपरेटिभ लि.को भावी कार्ययोजना

| क्र.सं. | कार्यविवरण | पटक | जिम्मेवारी | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मागदावी अध्यावधिक | १ | समिति/सचिवालय | | - | - | सम्पन्न |
| २ | ऋणी / संचालकहरुलाई पत्राचार/ असुली | नियमित | समिति/सचिवालय | ✓ | ✓ | ✓ | |
| ३ | अचल सम्पत्ती रोक्का/ असुली | नियमित | समिति/सचिवालय | ✓ | ✓ | ✓ | रोक्का कार्य जारी |
| ४ | साना बचत मागदावीकर्ताको बचत फिर्ता (रु १ लाख भन्दा कम) | नियमित | समिति/सचिवालय | श्रावण मसान्त सम्म ऋणीबाट असुल भएको ऋण रकमबाट | - | - | |
| ५ | रु १ लाख देखी माथीको मागदावीकर्ताको वचत फिर्ता | नियमित | समिति/सचिवालय | पहिलो देखि तेस्रो चौमासिकभित्र समितिबाट रोक्का राखिएका सहकारी, संचालक तथा ऋणीको नाममा रहेका अचल सम्पत्तीको लिलामि/ ऋण असुलीबाट प्राप्त रकमबाट वितरण गरिने | | | |
| ६ | सहकारीको नाममा विभिन्न जिल्लामा रहेका ३९ कित्ता जग्गा लिलाम | नियमित | समिति/सचिवालय | यस आ.व.को दोस्रो चौमासिक भित्र लिलाम गरिसक्ने | | | |
| ७ | ओरेण्टल को-अपरेटिभ लिको लगानी रहेको भेगास सिटी अपार्टमेण्टको करिव ४१ रोपनी जग्गा | नियमित | समिति/सचिवालय | रा.वा.बैंक, नविल बैंक र संचयकोषबाट रोक्का पहिलो,दोस्रो ऋण असुलीका निम्ति सम्वन्धित निकायलाई ताकेता र समन्वय गरी ती संस्थाहरुको दायित्व भुक्तान भएपछी बाँकी रकम यस समितिमा ल्याउने । | | | |
| ८ | सहकारीको रकमबाट भक्तपुर, गुण्डुमा रहेको जग्गा लिलामि | नियमित | समिति/सचिवालय | रोक्का जग्गा छानविन गरी लिलाम गरिने | | | |